# गाउँसभा, नगरसभा तथा जिल्ला सभाको सञ्चालन प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना :** नेपालको संविधानमा गाउँ सभा, नगर सभा तथा जिल्ला सभाको सञ्चालन सम्बन्धी व्यवस्था प्रदेश कानून बमोजिम हुने भए बमोजिम प्रदेश सभाले त्यस्तो कानून नबनाएसम्मको लागि त्यस्ता सभाको सञ्चालन सम्बन्धी प्रक्रियाको निर्धारण गर्न, बैठकमा सुव्यवस्था कायम राख्न तथा त्यस्ता सभाको काम, कारबाही र अन्य आवश्यक कुरा नियमित गर्न सम्बन्धी कानूनी व्यवस्था गर्न आवश्यक भएकाले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "गाउँ सभा, नगर सभा तथा जिल्ला सभा (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७३" रहेको छ ।

(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्रमा सोही सूचनामा तोकिएको दिन देखी प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "बैठक" भन्नाले गाउँसभा वा नगर सभाको बैठक सम्झनु पर्छ र सो शब्दले जिल्ला सभाको बैठकलाई समेत जनाउनेछ ।

(ख) "सभाको प्रमुख" भन्नाले गाउँसभा वा नगर सभाको प्रमुख सम्झनु पर्छ ।

(ग) "सभा" भन्नाले गाउँपालिकाको हकमा संविधानको धारा २२२ बमोजिमको गाउँसभा र नगरपालिकाको हकमा संविधानको धारा २२३ बमोजिमको नगर सभा सम्झनु पर्छ ।

(घ) "जिल्ला सभा" भन्नाले संविधानको धारा २२० बमोजिमको जिल्ला सभा सम्झनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले सभाका सदस्य सम्झनु पर्छ ।

(च) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिका सम्झनु पर्छ ।

(छ) "स्थानीय कार्यपालिकाको प्रमुख" भन्नाले गाउँपालिकाको हकमा गाउँकार्यपालिकाको अध्यक्ष र नगरपालिकाको हकमा नगर कार्यपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ज) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

## परिच्छेद–२

## गाउँसभा तथा नगर सभाको अधिवेश तथा बैठक सञ्चालन सम्बन्धी व्यवस्था

३. **सभाको अधिवेशन बोलाउने :**

(१) स्थानीय कार्यपालिकाको प्रमुखले स्थानीय तहका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले पन्ध्र दिन भित्र सभाको पहिलो अधिवेशन बोलाउनेछ । त्यसपछि यस ऐन बमोजिम स्थानीय कार्यपालिकाको प्रमुखले समय समयमा अन्य अधिवेशन बोलाउनेछ ।

तर सभाको एउटा धिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भका बीचको अवधि तीन महीना भन्दा बढी हुने छैन ।

(२) स्थानीय कार्यपालिकाको प्रमुखले सभाको अधिवेशनको अन्त्य गर्न सक्नेछ ।

(३) स्थानीय कार्यपालिकाको प्रमुखले सभाको अधिवेशन चालू नरहेको वा बैठक स्थगित भएको अवस्थामा अधिवेशन वा बैठक बोलाउन वाञ्छनीय छ भनी सभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्यहरूले लिखित अनुरोध गरेमा त्यस्तो अधिवेशन वा बैठक बस्ने मिति र समय तोक्नेछ । त्यसरी तोकिएको मिति र समयमा सभाको अधिवेशन प्रारम्भ हुने वा बैठक बस्नेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम सभाको अधिवेशन बोलाएको सूचना स्थानीय कार्यपालिकाको प्रमुखले सदस्यहरुलाई दिनेछ । त्यस्तो सूचना आवश्यकता अनुसार सार्वजनिक सञ्चारका स्थानीय माध्यमबाट प्रचार प्रसार समेत गर्न सकिनेछ ।

४. **सभाको गणपूरक संख्या :**

सभाको बैठकमा सभामा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित नभएसम्म बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छैन ।

५. **बैठकको सञ्चालन र स्थगन :**

(१) यस ऐनको अधीनमा रही स्थानीय कार्यपालिकाको प्रमुखले सभाको कार्यबोझलाई ध्यानमा राखी आवश्यकता अनुसार तोकेका दिनहरूमा सभाको बैठक बस्नेछ ।

(२) सभाको बैठक स्थानीय कार्यपालिकाको प्रमुखल निर्धारण गरेको समयमा शुरु हुनेछ ।

(३) स्थानीय कार्यपालिकाको प्रमुखल प्रत्येक बैठकको प्रारम्भ तथा स्थगनको घोषणा गर्नेछ ।

(४) सभाको बैठक सञ्चालन सम्बन्धी अन्य कार्यविधि सम्बन्धित सभाले आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **<u>सभामा मतदान</u> :**

(१) सभामा निर्णयका लागि प्रस्तुत गरिएको जुनसुकै प्रस्तावको निर्णय उपस्थित भई मतदान गर्ने सदस्यहरूको बहुमतबाट हुनेछ ।

(२) अध्यक्षता गर्ने व्यक्तिलाई मत दिने अधिकार हुने छैन ।

तर मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले आफ्नो निर्णायक मत दिनेछ ।

७. **<u>सभाको विशेषाधिकार</u> :**

(१) संविधानको अधीनमा रही सभामा पूर्ण वाक स्वतन्त्रता रहनेछ र सभामा व्यक्त गरेको कुनै कुरा वा दिएको कुनै मतलाई लिएर कुनै पनि सदस्यलाई पक्राउ गर्ने, थुनामा राख्ने वा निज उपर कुनै अदालतमा कारबाही चलाइने छैन । (२) संविधानको अधीनमा रही सभालाई आफ्नो काम कारबाही र निर्णय गर्ने पूर्ण अधिकार रहनेछ र सभाको कुनै काम कारबाही नियमित छ वा छैन भनी निर्णय गर्ने अधिकार सम्बन्धित सभालाई मात्र हुनेछ । यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाइने छैन ।

(३) सभाको कुनै कारबाही उपर त्यसको असल नियतबारे शंका उठाई कुनै टीका-टिप्पणी गरिने छैन र कुनै सदस्यले बोलेको कुनै कुराको सम्बन्धमा जानी-जानी गलत वा भ्रामक अर्थ लगाई कुनै प्रकारको प्रकाशन वा प्रसारण गर्न पाइने छैन ।

(४) उपधारा (१) र (३) को व्यवस्था सभा सदस्य बाहेक प्रदेश सभाको बैठकमा भाग लिन पाउने अन्य व्यक्तिका हकमा पनि लागू हुनेछ ।

(५) सभाको अधिकार अन्तर्गत कुनै लिखत, प्रतिवेदन, मतदान वा कारबाही प्रकाशित गरेको विषयलाई लिएर कुनै व्यक्ति उपर अदालतमा कारबाही चल्ने छैन ।

**<u>स्पष्टीकरण</u>** : यस उपदफा र उपदफा (१), (२), (३) र (४) को प्रयोजनका लागि “सभा” भन्नाले सभाको समितिको बैठकलाई समेत जनाउँछ ।

(६) विशेषाधिकारको हननलाई सभाको अवहेलना मानिनेछ र कुनै विशेषाधिकारको हनन भएको छ वा छैन भन्ने सम्बन्धमा निर्णय गर्ने अधिकार सम्बन्धित सभालाई मात्र हुनेछ ।

(७) कसैले सभाको अवहेलना गरेमा त्यस्तो सभाको अध्यक्षता गर्ने व्यक्तिले सम्बन्धित सभाको निर्णयबाट त्यस्तो व्यक्तिलाई सचेत गराउन, नसीहत दिन वा पाँच हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो जरिबाना सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

तर सभालाई सन्तोष हुने गरी त्यस्तो व्यक्तिले क्षमायाचना गरेमा त्यस्तो सभाले क्षमा प्रदान गर्न वा तोकिसकेको सजायलाई माफी वा कम गर्न सक्नेछ ।

(८) सभाको विशेषाधिकार सम्बन्धी अन्य व्यवस्था सम्बन्धित सभाले बनाएको नियमावली बमोजिम हुनेछ ।

८. **सभामा अनधिकार उपस्थित भएमा वा मतदान गरेमा सजाय :**

(१) सभाको सदस्यका रुपमा शपथ नलिएको वा सभाको सदस्य नभएको कुनै व्यक्ति सदस्यको हैसियतले सभा वा त्यसको समितिको बैठकमा उपस्थित भएमा वा मतदान गरेमा निजलाई त्यस्तो बैठकको अध्यक्षता गर्ने व्यक्तिको आदेशले त्यसरी उपस्थित भएको वा मतदान गरेको प्रत्येक पटकका लागि तीन हजार रुपैयाँ जरिबाना हुनेछ ।

(२) उपदफा (१) बमोजिमको जरिबाना सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

९. **बहसमा बन्देज :** नेपालको कुनै अदालतमा विचाराधीन मुद्दाका सम्बन्धमा न्याय निरूपणमा प्रतिकूल असर पार्ने विषय तथा न्यायाधीशले कर्तव्य पालनको सिलसिलामा गरेको न्यायिक कार्यको सम्बन्धमा सभामा कुनै छलफल गरिने छैन ।

१०. **सदस्यको स्थान रिक्त रहेको अवस्थामा सभाको कार्य सञ्चालन :** सभाको कुनै सदस्यको स्थान रिक्त रहेको अवस्थामा समेत सभाले आफ्नो कार्य सञ्चालन गर्न सक्नेछ र सभाको कारबाहीमा भाग लिन नपाउने कुनै व्यक्तिले भाग लिएको कुरा पछि पत्ता लाग्यो भने पनि भइसकेका कार्य अमान्य हुने छैन ।

११. **सभाले समिति गठन गर्न सक्ने :** सभाको कार्य प्रणालीलाई व्यवस्थित गर्न सभाले आवश्यकता अनुसार समिति गठन गर्न सक्नेछ ।

१२. **सभाको निर्णयको अभिलेख र कार्यान्वयन :**

(१) सभा र यसको समितिहरुको निर्णय तथा कारबाहीको अभिलेखहरु स्थानीय कार्यपालिकाको प्रमुखले सुरक्षित राख्न लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिने अभिलेखहरु स्थानीय कार्यपालिकाको प्रमुख आदेशबिना सभा वा सभाको सचिवालयको भवनबाट बाहिर लैजान हुँदैन ।

१३. **सभाका सदस्यको पद रिक्त हुने अवस्था :** देहायको अवस्थामा सभाका सदस्यको पद रिक्त हुनेछ :

(क) निजले सम्बन्धित स्थानीय कार्यपालिकाको प्रमुख समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजमा संविधान र प्रचलित संघीय कानून बमोजिमको योग्यता नभएमा वा नरहेमा,

(ग) सभाको कार्यकाल समाप्त भएमा,

(घ) निजले सभालाई सूचना नदिई लगातार दशवटा बैठकमा अनुपस्थित रहेमा,

(ङ) निजको मृत्यु भएमा ।

१४. **सभाको कार्य सञ्चालन सम्बन्धी अन्य कार्यविधि :**

सभाको कार्य सञ्चालन गन, बैठकको सुव्यवस्था कायम राख्न, तथा समितिहरूको गठन, काम, कारबाही सम्बन्धी अन्य व्यवस्था सम्बन्धित सभाले बनाएको नियमावली बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम नियमावली नबनेसम्म सभाले आफ्नो कार्यविधि आफैं नियमित गर्नेछ ।

## परिच्छेद–३

## स्थानीय तहका कर्मचारी

१५. **कर्मचारीको सेवाको गठन :**

(१) गाउँपालिका र नगरपालिकाबाट प्रदान गरिने सेवाको लागि आवश्यक पर्ने प्रशासनिक तथा प्राविधिक सेवा सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सभाले बनाएको कानून बमोजिम गठन गर्न सक्नेछन ।

(२) उपदफा (१) बमोजिम सेवाको गठन गर्दा सम्बन्धित गाउँपालिका वा नगरपालिको आयस्रोत, प्रदान गरिने सेवा समेतलाई विचार गर्नु पर्नेछ ।

१६. **दरबन्दी संरचना** :

(१) गाउँपालिका र नगरपालिकाको सेवामा आवश्यक पर्ने कर्मचारीको लागि स्थायी तथा अस्थायी दरबन्दी रहनछ ।

(२) उपदफा (१) बमोजिमको दरबन्दी संख्या सेवाको लागि आवश्यक पर्ने जनशक्ति, कर्मचारीको कार्यविवरण, कर्मचारीको लागि दिईने पारिश्रमिक तथा सुविधाको लागि आवश्यक पर्ने स्रोत समेतलाई विचार गरी सम्बन्धित गाउँकार्यपालिका वा नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

१७. **पदपूर्तिको तरिका** :

(१) गाउँपालिका र नगरपालिकाको सेवामा रिक्त रहेका पद पूर्ति सम्बन्धि व्यवस्था गाउँपालिका र नगरपालिकाको कानूनमा निर्धारण भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिका र नगरपालिकाको सेवामा रहने स्थायी पदमा पदपूर्ति गर्दा प्रदेश लोक सेवा आयोगमा माग गरी त्यस्तो आयोगले प्रतिष्पर्धात्मक परीक्षा सञ्चालन गरी सिफारिस भए बमोजिम गर्नु पर्नेछ ।

(३) यस दफाको अधिनमा रही गाउँपालिका र नगरपालिकाको सेवामा रिक्त पदपूर्ति सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुनछ ।

१८. **न्यूनतम शैक्षिक योग्यता** :

(१) गाउँपालिका र नगरपालिकाको सेवामा रिक्त पदमा नियुक्ति हुनको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता त्यस्तो गाउँपालिका र नगरपालिकाले बनाएको कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कानून बनाउँदा सम्बन्धित गाउँपालिका र नगरपालिकाको सेवामा रहने अधिकृतस्तरको पदको लागि कम्तीमा स्नातक र सहायक पदको लागि कम्तीमा प्रमाणपत्र तह वा कक्षा बाह्र उत्तिर्ण गरेको हुनु पर्ने गरी बनाउनु पर्नेछ ।

तर लेखापढी गर्न नपर्ने कार्यालय सहयोगी, सवारी चालक जस्ता पदको लागि साधारण लेखपढ गर्न जान्ने व्यक्ति उम्मेदवार हुन सक्ने गरी योग्यता कायम गर्न बाधा पर्ने छैन ।

१९. **पारिश्रमिक तथा सुविधा :**

स्थानीय तहका कर्मचारीको न्यूनतम पारिश्रमिक तथा सुविधा प्रतिष्ठानमा काम गर्ने श्रमिकको लागि प्रचलित कानून बमोजिम नेपाल सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिकमा नघटने गरी सर्म्बान्धित स्थानीय तहको आर्थिक स्रोत र क्षमताको आधारमा स्थानीय तहले बनाएको कानूनमा निर्धारण भए बमोजिम हुनेछ ।

२०. **कर्मचारीको अन्य सेवाको शर्त सभाले बनाएको कानून बमोजिम हुन :**

स्थानीय तहका कर्मचारीको अन्य सेवाको शर्त स्थानीय स्थानीय तहले बनाएको कानूनमा निर्धारण भए बमोजिम हुनेछ ।

## परिच्छेद–४

## जिल्ला सभा तथा समन्वय समिति सम्बन्धी व्यवस्था

२१. **जिल्ला सभाको बैठक बोलाउन :**

(१) जिल्लाभित्रका गाउँकार्यपालिका वा नगर कार्यपालिकाका निर्वाचित सबैभन्दा ज्येष्ठ अध्यक्ष वा प्रमुखले गाउँसभा र नगरसभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले तीसदिनभित्र जिल्ला सभाको पहिलो बैठक बोलाउने छ । त्यसपछिको बैठक जिल्ला समन्वय समितिको प्रमुखले बोलाउनेछ ।

(२) जिल्ला सभाको एक बैठक र अर्को बैठक विचको फरक छ महिना भन्दा बढी हुने छैन ।

२२. **जिल्ला सभाको गणपूरक संख्या :**

जिल्ला सभाको बैठकमा सभामा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित नभएसम्म बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छैन ।

२३. **जिल्ला सभामा मतदान :**

जिल्ला सभामा निर्णयका लागि प्रस्तुत गरिएको जुनसुकै प्रस्तावको निर्णय त्यस्तो सभामा उपस्थित भई मतदान गर्ने सदस्यहरूको बहुमतबाट हुनेछ ।

(२) अध्यक्षता गर्ने व्यक्तिलाई मत दिने अधिकार हुने छैन ।

तर मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले आफ्नो निर्णायक मत दिनेछ ।

२४. **जिल्ला सभाका सदस्यको स्थान रिक्त रहेको अवस्थामा जिल्ला सभाको कार्य सञ्चालन :**

जिल्ला सभाको कुनै सदस्यको स्थान रिक्त रहेको अवस्थामा समेत जिल्ला सभाले आफ्नो कार्य सञ्चालन गर्न सक्नेछ र जिल्ला सभाको कारबाहीमा भाग लिन नपाउने कुनै व्यक्तिले भाग लिएको कुरा पछि पत्ता लाग्यो भने पनि भइसकेको कार्य अमान्य हुने छैन ।

२५. **जिल्ला सभाका सदस्यको पद रिक्त हुने अवस्था** :

देहायको अवस्थामा जिल्ला सभाका सदस्यको पद रिक्त हुनेछ :–

(क) निजले जिल्ला समन्वय समितिको प्रमुख समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजमा संविधान र प्रचलित संघीय कानून बमोजिमको योग्यता नभएमा वा नरहेमा,

(ग) जिल्ला सभाको कार्यकाल समाप्त भएमा,

(घ) निजले जिल्ला सभालाई सूचना नदिई लगातार दशवटा बैठकमा अनुपस्थित रहेमा,

(ङ) निजको मृत्यु भएमा ।

२६. **जिल्ला सभाको कार्य सञ्चालन सम्बन्धी अन्य कार्यविधि :**

जिल्ला सभाको बैठक तथा कार्य सञ्चालन सम्बन्धी अन्य व्यवस्था जिल्ला सभा आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२७. **जिल्ला सभाको अन्य काम :**

संविधानमा लेखिएका कामका अतिरिक्त जिल्ला सभाका अन्य काम देहाय बमोजिम हुनेछ :–

(क) जिल्ला भित्रका एक भन्दा बढी गाउँपालिका वा नगरपालिकामा सञ्चालित विकास निर्माण सम्बन्धी काममा एक रुपता कायम गर्न आवश्यक समन्वय गर्ने,

(ख) गाउँपालिका, नगरपालिका र प्रदेश बीचमा समन्वय गर्ने,

(ग) जिल्ला भित्रका स्थानीय तहहरु बीचमा विवाद भएमा त्यस्तो विवाद समाधानको लागि आवश्यक पहल गर्ने,

(घ) जिल्लाभित्रका स्थानीय तहहरुको स्थानीय आवश्यकता पहिचान गरी गैर सरकारी संस्थाहरुको सहयोगमा समन्वय गर्ने ।

२८. **जिल्ला समन्वय समितिको बैठक :**

(१) जिल्ला समन्वय समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) जिल्ला समन्वय समितिको बैठक सो समितिको प्रमुखले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) जिल्ला समन्वय समितिको सचिवले समितिको बैठक बस्ने सूचना कम्तीमा सातदिन अगावै सदस्यहरुलाई दिनु पर्नेछ र त्यस्तो सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरुको सूची समेत सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) जिल्ला समन्वय समितिका तत्काल कायम रहका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थिति भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) जिल्ला समन्वय समितिको बैठकको अध्यक्षता सो समितिको प्रमुखले गर्नेछ र निजको अनुपस्थितिमा वा निजको पद रिक्त रहेको अवस्थामा जिल्ला समन्वय समितिको उपप्रमुखले बैठकको अध्यक्षता गर्नेछ ।

(६) जिल्ला समन्वय समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) जिल्ला समन्वय समितिको निर्णय सो समितिको प्रमुखद्धारा प्रमाणित गरिनेछ ।

(८) जिल्ला समन्वय समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२९. **जिल्ला सभा तथा जिल्ला समन्वय समितिको निर्णयको अभिलेख र कार्यान्वयन :**

(१) जिल्ला सभा तथा जिल्ला समन्वय समितिको निर्णय तथा कारबाहीको अभिलेखहरु जिल्ला समन्वय समितिका प्रमुखले सुरक्षित राख्न लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिने अभिलेखहरु जिल्ला समन्वय समितिको प्रमुखको आदेशबिना जिल्ला समन्वय समितिको सचिवालय भवनबाट बाहिर लैजान हुँदैन ।

## परिच्छेद–५

## विविध

३०. **प्रदश, गाउँपालिका वा नगरपालिका बीचको विवाद समाधान :**

(१) पदेशभित्रका गाउँपालिका र नगरपालिका, गाउँपालिका र गाउँपालिका, नगरपालिका र नगरपालिका बीच कुनै विवाद उत्पन्न भएमा प्रदेश सभाले सम्बन्धित गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिसँग समन्वय गरी त्यस्तो विवादको समाधान गनछ ।

(२) उपदफा (१) बमोजिम समन्वय गर्दा पनि विवाद समाधान नभएमा प्रदेश सभाले प्रदेश सरकारको सम्बन्धित मन्त्रीको अध्यक्षतामा विवाद रहेको गाउँपालिका अध्यक्ष वा नगरपालिका प्रमुख, जिल्ला समन्वय समितिको प्रमुख र अन्य दुईजना विवादसँग सम्बन्धित विषयका विज्ञ रहेको एक विवाद समाधान समिति गठन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम गठित विवाद समाधान समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

३१. **समन्वय समितिको काम, कर्तव्य र अधिकार** :

विवाद समाधानको क्रममा दफा ३० को उपदफा (२) बमोजिम गठित समितिले देहायको अधिकार प्रयोग गर्न सक्नेछः–

(क) विवादका विषयमा स्थानीय धारणा बुझ्ने तथा आवश्यकता अनुसार स्थलगत भ्रमण र अवलोकन गर्ने,

(ख) विवादीत विषयमा विवादका पक्षहरुका विच फरक फरक वा एकैसाथ बैठक गर्ने र छलफल गर्ने,

(ग) विवाद समाधाको लागि आवश्यकता अनुसार विज्ञहरुसँग सल्लाह गर्ने तथा सुझाब लिने,

(घ) विवाद समाधानको लागि विभिन्न विकल्पहरुको पहिचान गर्ने,

(ङ) विवादका पक्षहरुलाई मेलमिलाप गराउने ।

३२. **समन्वय समितिले विवाद समाधान गर्ने प्रक्रिया :**

दफा ३० को उपदफा (२) बमोजिमको समितिले आपसी छलफल गरी मेलमिलापको माध्यमबाट विवादको समाधान गर्नेछ ।

३३. **<u>सभा तथा जिल्ला सभाको सचिव र सचिवालय</u> :**

(१) गाउँसभाको सचिवको काम गाउँकार्यपालिका अध्यक्षले तोकेको गाउँपालिकाको कर्मचारीले गर्नेछ ।

(२) नगरसभाको सचिवको काम नगरकार्यपालिका प्रमुखले तोकेको नगरपालिकाको कर्मचारीले गर्नेछ ।

(३) जिल्ला सभा र जिल्ला समन्वय समितिको सचिवको काम जिल्ला समन्वय समितिको प्रमुखले तोकेको जिल्ला समन्वय समितिको कर्मचारीले गर्नेछ ।

(४) गाउँसभा, नगरसभा र जिल्लासभाको लागि आवश्यक सचिवालयको व्यवस्था सम्बन्धित गाउँकार्यपालिका, नगरकार्यपालिका र जिल्ला समन्वय समितिले मिलाउनेछ ।